बैठक नं. २८

आज मिति २०८०/०८/१९ गते मंगलबारका दिन यस रामग्राम नगरपालिकाका नगर प्रमुख श्री धनपत यादव ज्यूको अध्यक्षता तथा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसियो ।

<u>उपस्थिति :</u>

| नाम | वडा नं | पद |
|---|---|---|
| श्री धनपत यादव | | नगर प्रमुख |
| श्री सम्झना चौधरी | | नगर उपप्रमुख |
| श्री रुद्र प्रकाश उपाध्याय | १ | वडा अध्यक्ष |
| श्री निरज रौनियार | २ | वडा अध्यक्ष |
| श्री उज्जवल न्यौपाने | ३ | वडा अध्यक्ष |
| श्री मदन यादव | ४ | वडा अध्यक्ष |
| श्री रामवृक्ष अहिर | ५ | वडा अध्यक्ष |
| श्री विद्या सागर त्रिपाठी | ६ | वडा अध्यक्ष |
| श्री रबिन्द्र यादव | ७ | वडा अध्यक्ष |
| श्री महेन्द्र ठाकुर | ८ | वडा अध्यक्ष |
| श्री भोजनारायण यादव | ९ | वडा अध्यक्ष |
| श्री सुरेश यादव | १० | वडा अध्यक्ष |
| श्री धनिराम यादव | ११ | वडा अध्यक्ष |
| श्री लोक बहादुर चौधरी | १२ | वडा अध्यक्ष |
| श्री प्रजापती प्रसाद कोइरी | १२ नं | का. वा |
| श्री अर्सनारायण प्रसाद चौधरी | १३ | वडा अध्यक्ष |
| श्री ओम प्रकाश यादव | १४ | वडा अध्यक्ष |
| श्री धनपत यादव | १५ | वडा अध्यक्ष |
| श्री बिजय कुमार यादव | १६ | वडा अध्यक्ष |

| | | |
|---|---|---|
| श्री कन्है प्रसाद कोईरी | १७ | वडा अध्यक्ष |
| श्री गोपाल डिस्वा मगर | १८ | वडा अध्यक्ष |
| श्री बच्ची कहार | ५ | कार्यपालिका सदस्य |
| श्री भगवती कुमारी चौधरी | ११ | कार्यपालिका सदस्य |
| श्री सिमिर्ती देवी कुर्मी | ४ | कार्यपालिका सदस्य |
| श्री सिता मइया चौधरी | १४ | कार्यपालिका सदस्य |
| श्री नानु कुमारी थापा खड्का | ३ | कार्यपालिका सदस्य |
| श्री सुरेश पासवान | ५ | कार्यपालिका सदस्य |
| श्री अमृत सिंह जि.सि. | २ | कार्यपालिका सदस्य |
| श्री कमलेश्वर ठाकुर | १५ | कार्यपालिका सदस्य |
| श्री राम नरेश राय | रामग्राम नगरपालिका | नि. प्रमुख प्रशासकीय अधिकृत ,सचिव |

बैठक संचालन सहयोगी कर्मचारीहरु :

श्री रामलाल भुसाल अधिकृत छैठौं

श्री रामजी साहनी कं. सं.

श्री राम सुवास गुप्ता आ. ले. प.

बैठक नं : २८

रामग्राम नगरपालिकाको मिति २०८०/०८/१९ गतेको नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु :

प्रस्ताव नं. १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं. २ :रामग्राम स्तुपको विकास कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं. ३ : हाट बजारमा शौचालय निर्माण तथा मर्मत सम्बन्धमा ।
प्रस्ताव नं.४ : रामग्राम नगरपालिका 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि ,२०७५ सम्बन्धमा ।
प्रस्ताव नं. ५ : नम्बरी जग्गा पुनः नापी सम्बन्धमा ।
प्रस्ताव नं. ६ : सामाजिक उत्तरदायित्व कोष संचालन कार्यविधि ,२०८० सम्बन्धमा ।
प्रस्ताव नं. ७ : प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं. ८ : विविध ।
क. नगर प्रमुखको भ्रमण सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १ : प्रस्ताव नं १ माथि छलफल गर्दा यस अघिका बैठकबाट गरिएका निर्णयहरुको समिक्षा गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं २ माथि छलफल गर्दा सम्मानीय प्रधानमन्त्री पुष्पकमल दाहाल ज्यूको प्रमुख आतिथ्यतामा यहि मिति २०८०/०८/२६ गते सम्पन्न हुने रामग्राम स्तुपको विकास कार्यक्रमको पूर्वतयारी गरी सो कार्यक्रमलाई भव्यताका साथ सम्पन्न गर्नको लागि यस कार्यपालिकाका सदस्यहरु रहने गरी तपसिल बमोजिका समितिहरु गठन गरी जिम्मेवारी प्रदान गरियो ।

तपसिल :

क.स्वागतद्वार तथा लाइट व्यवस्थापन समिति

श्री मदन यादव, संयोजक
श्री निरज रौनियार, सदस्य
श्री विजय कुमार यादव , सदस्य
श्री रविन्द्र यादव, सदस्य
श्री धनपद्म यादव ,सदस्य

धनपत यादव
प्रमुख
रामग्राम नगरपालिका

रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय परासी, नवलपरासी लुम्बिनी प्रदेश, नेपाल

ख सरसफाई व्यवस्थापन समिति

श्री नानु कुमारी थापा खड्का , संयोजक
श्री बच्ची कहाँर, सदस्य
श्री सिमिर्ति देवी कुर्मी, सदस्य
श्री अमृत सिंह जि.सी., सदस्य
श्री सुरेश पासवान, सदस्य
श्री भगवती कुमारी चौधरी, सदस्य
श्री सिता मइया चौधरी, सदस्य

ग. निमन्त्रणा/पत्राचार समिति

श्री सम्झना चौधरी, संयोजक
श्री उज्ज्वल न्यौपाने, सदस्य
श्री विद्या सागर त्रिपाठी, सदस्य
श्री रुद्र प्रकाश उपाध्याय, सदस्य
श्री भोज नारायण यादव, सदस्य

घ. प्रचारप्रसार समिति

श्री धनिराम यादव, संयोजक
श्री रविन्द्र यादव, सदस्य
श्री ओमप्रकाश यादव, सदस्य
श्री सुरेश यादव, सदस्य

ङ.कार्यक्रम व्यवस्थापन समिति

श्री धनपत यादव, संयोजक
श्री कन्है प्रसाद कोइरी, सदस्य
श्री असनारायण प्रसाद चौधरी, सदस्य
श्री भोजनारायण यादव, सदस्य
श्री धनिराम यादव, सदस्य

निर्णय नं. ३ : प्रस्ताव नं ३ माथि छलफल गर्दा रामग्राम नगरपालिका वडा नं. १७ स्थित पट्खौली हाट बजारमा नवनिर्मित पसल घरहरुको नगरपालिका र व्यवसायी बीच सम्झौता भईसकेको अवस्थामा सम्बन्धित व्यवसायीहरुको मिति २०८०/०७/१७ गते दर्ता नं. २४३५ को निवेदन माग बमोजिम उक्त पसलमा शौचालय नभएकोले व्यवसाय संचालनमा कठीनाई हुने भएको हुँदा शौचालय निर्माण एंव व्यवसाय संचालन नहुन्जेल सम्मको बहाल रकम नबुझाउने भनि माग गरेको हुदाँ यथासिघ्र सो स्थानमा शौचालय निर्माण गर्ने निर्णय गरियो । साथै रामग्राम नगरपालिका वडा नं. २ हाटबजारमा स्थित शौचालयको आवश्यक मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो ।

रामग्राम नगर कार्यपालिका ... परासी, नवलपरासी, लुम्बिनी प्रदेश

धनपत यादव

<u>निर्णय नं. ४</u> : प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामग्राम नगरपालिका वडा नं. ३ अवस्थित रामग्राम मल्टीपल प्रा.ली. द्वारा संचालित 'घ' वर्गको निर्माण व्यवसायी फर्मलाई मिति २०८०।०८।०१ गतेको निवेदन माग बमोजिम उक्त फर्म कम्पनी रजिष्ट्रार कार्यालय र करदाता सेवा केन्द्र बाट PAN मा नाम संशोधन भई स्मार्ट मल्टीपल प्रा.ली. कायम भएको हुदा उक्त निमार्ण व्यवसाय फर्मको नाम संशोधन गर्नको लागि *रामग्राम नगरपालिका 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यविधि २०७५* मा नाम संसोधन गर्ने र शुल्क लिने कुनै पनि व्यवस्था नरहेको हुँदा *रामग्राम नगरपालिका 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धि कार्यविधि* २०७५ लाई आवश्यक संशोधन पेश गर्न यस कार्यपालिकाको *सुशासन तथा संस्थागत विकास समितिलाई* जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ५</u> : प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा स्थित नम्बरी जग्गाहरुको पुन : नापी गर्नको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u> : प्रस्ताव नं. ६ माथि छलफल गर्दा "समाजिक उत्तरदायित्व कोष संचालन कार्यविधि २०८०" माथि छलफल गरी स्वीकृत गरियो ।

<u>निर्णय नं. ७</u> : प्रस्ताव नं. ७ माथि छलफल गर्दा २७ औं कार्यपालिका बैठकको निर्णय बमोजिम गठित *निर्णय कार्यान्वयन समिति*ले पेश गरेको प्रतिवेदन उपर छलफल गरियो । साथै नगर प्रमुख ,स्थानीय लेखा समिति, निर्णय कार्यान्वयन समिति र कार्यालय प्रमुख बैठक बसी प्रतिवेदन उपर थप छलफल गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ८ (क)</u> : प्रस्ताव नं. ८ माथि छलफल गर्दा गैर आवासीय नेपाली संघ, अस्ट्रेलियाको निमन्त्रणामा अस्ट्रेलियामा संचालन हुने **AGM2024** कार्यक्रममा सहभागि हुने प्रयोजनार्थ यस नगरपालिकाका नगर प्रमुख धनपत यादवज्यूको मिति २०८०/०९/१५ देखि २०८०/१०/०४ गतेसम्मको अस्ट्रेलियाको वैदेशिक भ्रमण स्वीकृत गरियो ।

रामग्राम नगरपालिकाको कार्यालय
परासी, नवलपरासी
लुम्बिनी प्रदेश

धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका